नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

# बुलेटिन

महालेखा नियन्त्रक कार्यालयको अर्धवार्षिक गतिविधि

वर्षः १ अंकः २ २०७८ माघ Year: 1 Issue: 2 Feb. 2022



**सम्पादक मण्डल**

**प्रधान सम्पादक**

श्री थानप्रसाद पंज्ञानी
सह-महालेखा नियन्त्रक

**सम्पादक**

श्री रामचन्द्र शर्मा
उप-महालेखा नियन्त्रक

**सदस्य**

श्री उत्सवराज घिमिरे
लेखा अधिकृत
श्री लक्षित घिताल
लेखापाल
श्री सुनिता बिजुक्छे (ब्यान्जू)
कम्प्यूटर अपरेटर

**प्रकाशक**

महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाण्डौ ।
फोन नं. ९७७-१-४७७१२९०
फ्याक्स: ९७७-१-४७७१२९१
ईमेल: saps@fcgo.gov.np
वेवसाईट : fcgo.gov.np

## सञ्चित कोषको एकीकृत वित्तीय प्रतिवेदन पेस

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा तत्सम्वन्धी नियमावली, २०७७ ले संघीय संञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयको भए बमोजिम आर्थिक बर्ष २०७७/७८ को तीन तहको सरकारको सञ्चित कोष र अन्य सरकारी कोषको एकीकृत वित्तीय विवरण अर्थ मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पेश भएको छ । उक्त प्रतिवेदन महालेखा नियन्त्रक श्री सुमनराज अर्यालले मिति २०७८/०७/१५ मा प्रारम्भिक प्रतिवेदन र २०७८/०९/१५ मा अन्तिम प्रतिवेदन माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा "प्रभाकर" र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मालाई पेश गर्नुभयो। विभिन्न १२ (बाह्र) भागमा विभाजन गरी तयार गरिएको उक्त प्रतिवेदनमा भाग एक देखि भाग बाह्रसम्म क्रमश मूल आर्थिक विवरण, संघीय सरकारको सञ्चित कोषको अवस्था, राजस्वको अवस्था, बजेट तथा खर्चको अवस्था, धरौटीको अवस्था, विविध कोषको अवस्था, शोधभर्ना प्राप्तिको अवस्था, नेपाल सरकारको ऋण दायित्वको अवस्था, नेपाल सरकारको शेयर तथा ऋण लगानीको अवस्था, प्रदेश सरकारको आय व्यय तथा स्थानीय तहको आय व्यय र नेपाल सरकारको सम्पत्ती तथा दायित्व विवरण समावेश गरिएको छ ।



*तस्बिरः महालेखा नियन्त्रक श्री सुमनराज अर्यालले संञ्चित कोषको वार्षिक वित्तीय प्रतिवेदन माननीय महालेखा परीक्षक श्री टंकमणी शर्मालाई बुझाउनुहुँदै।*

# वित्तीय प्रतिवेदनको संक्षिप्त झलकः

- आर्थिक वर्ष २०७७/०७८ मा नेपाल सरकारले रू. ९ खर्ब ७६ अर्ब ३२ करोड राजस्व सङ्कलन गरेको छ । जसमध्ये बाँडफाँड हुने राजस्व रू. ३ खर्ब ६८ अर्ब ५२ लाख र कर, अन्य कर तथा बेरुजु रकम रू. ६ खर्ब ०८ अर्ब ३२ करोड रहेको छ ।

**तालिका-१: आ.व. २०७७/०७८ मा राजस्व प्राप्ति (रू. लाखमा)**

| सि.नं. | राजस्व शीर्षक | रकम रू. लाखमा |
|---|---|---|
| १ | कर राजस्व | ५०६६०६५.९६ |
| २ | अन्य राजस्व | ६१२७६०.९२ |
| ३ | विविध प्राप्ति | ४०४३३०.१२ |
| ४ | बाँडफाँड हुने राजस्व | ३६८००५२.६० |
| | जम्मा | ९७६३२०९.६० |


- आ.ब. २०७७/०७८ मा नेपाल सरकारको कुल वार्षिक बजेट रू. १४ खर्ब ७४ अर्ब ६४ करोड रहेकोमा सो अवधिमा खर्च रू. ११ खर्ब ९६ अर्ब ६७ करोड भएको छ। बजेटको तुलनामा खर्च ८१.१५ प्रतिशत रहेको छ। बजेटको प्रकार अनुसार बजेट विनियोजन र खर्चको तुलना गर्दा चालु, पुँजीगत र वित्तीय व्यवस्थामा विनियोजनको क्रमशः ८९.३५ प्रतिशत, ६४.६९ प्रतिशत र ६९.९६ प्रतिशत खर्च भएको छ।

**तालिका-२: आ.व. २०७७/०७८ मा विनियोजन र खर्च (रू. लाखमा)**

| बजेटको प्रकार | बार्षिक बजेट | बार्षिक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ९,४७०,६८० | ८,४६२,१७३ | ८९.३५ |
| पुँजीगत | ३,५३७,४०७ | २,२८८,३६० | ६४.६९ |
| वित्तीय व्यवस्था | १,७३८,३६६ | १,२१६,२२५ | ६९.९६ |
| जम्मा | १४,७४६,४५४ | ११,९६६,७५९ | ८१.१५ |


- कुल खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अंश क्रमशः ७०.७१ प्रतिशत, १९.१२ प्रतिशत र १०.१६ प्रतिशत रहेको छ ।

**चार्ट-१: कुल खर्चमा चालु, पुँजीगत र वित्तीय व्यवस्थाको प्रतिशत**




- बजेट अनुमानमा नेपाल सरकार श्रोतबाट ७५.१३ प्रतिशत र बाँकी २४.८७ प्रतिशत वैदेशिक श्रोतबाट व्यहोर्ने गरी बजेट विनियोजन भएकोमा यथार्थमा नेपाल सरकारबाट ८२.५ र वैदेशिक श्रोतबाट १७.५ प्रतिशत खर्च व्यहोर्ने गरी खर्च भएको छ ।
- आ.व. २०७७/७८ मा राजस्व, अनुदान तथा अन्य श्रोतबाट संघीय सरकारको संचित कोषमा रू. १२ खर्ब ६४ अर्ब ६० करोड ८० लाख प्राप्ति भएको छ भने सो अवधिमा संचित कोषबाट रू. ११ खर्ब ६० अर्ब २७ करोड ११ लाख भुक्तानी भई चालु आ.व.मा संचित कोष रू. १ खर्ब ४ अर्ब ३३ करोड ६८ लाखले धनात्मक भएको छ।
- आ.व. २०७७/७८ मा नेपाल सरकारको सञ्चित कोषबाट वित्तीय हस्तान्तरण मार्फत रू. १ खर्ब १३ अर्ब ५४ करोड प्रदेश सरकारहरूलाई र रू. २ खर्ब ९५ अर्ब ८६ करोड स्थानीय तहहरूलाई हस्तान्तरण गर्ने अनुमान गरिएकोमा सो अवधिमा प्रदेश सरकारहरूलाई रू. १ खर्ब १० अर्ब ३४ करोड र स्थानीय तहहरूलाई कुल रकम रू. २ खर्ब ८४ अर्ब १९ करोड गरी जम्मा रू. ३ खर्ब ९४ अर्ब ५३ करोड हस्तान्तरण भएको छ ।

**चार्ट-२: वित्तीय हस्तान्तरणको विवरण**



- सात वटा प्रदेशहरूबाट आ.व. २०७७/७८ मा कुल जम्मा बजेट रू. २ खर्ब ७५ अर्ब ८२ लाख विनियोजन भएकोमा सो अवधिमा ६८.६८ प्रतिशत अर्थात रकम रू. १ खर्ब ८८ अर्ब ८२ करोड ८६ लाख खर्च भएको छ । विनियोजन बजेट र खर्चको तुलना गर्दा लुम्बिनी प्रदेशमा सबैभन्दा बढी ८८.९९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम अर्थात ६३.०५ प्रतिशत मात्र खर्च भएको छ।

**तालिका-३: आ.व. २०७७/०७८ मा प्रदेशहरूको विनियोजन र खर्चको विवरण (रू. लाखमा)**

| सि.नं | प्रदेश | बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| १ | प्रदेश १ | ४३४०८५.५० | २७९५१२.६० | ६४.३९ |
| २ | मधेश प्रदेश | ३४७०४३.५१ | २२५४५८.०३ | ६४.९७ |
| ३ | बागमती प्रदेश | ५१४२७४.९४ | ३५५९४८.४१ | ६९.२१ |
| ४ | गण्डकी प्रदेश | ३६७०८८.०४ | २५६२३४.१८ | ६९.८० |
| ५ | लुम्बिनी प्रदेश | ३९१५४१.६४ | ३२१०३०.४२ | ८८.९९ |
| ६ | कर्णाली प्रदेश | ३४९५९८.८२ | २२०४१९.७४ | ६३.०५ |
| ७ | सुदुरपश्चिम प्रदेश | ३४६४४९.९९ | २२९६८२.७४ | ६६.३० |
| | जम्मा | २७५००८२.४४ | १८८८२८६.१२ | ६८.६८ |

- आ.व. २०७७/७८ मा स्थानीय तहहरूको नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणहरू र स्थानीय तहहरूको आन्तरिक स्रोत समेत गरी कुल बजेट रू. ५ खर्ब १९ अर्ब २३ करोड ६९ लाखको बजेट विनियोजन गरेकामा सो अवधिमा विनियोजनको ७३.४४ प्रतिशत अर्थात रू. ३ खर्ब ९१ अर्ब ४३ करोड ६२ लाख खर्च भएको छ । कुल खर्चमा चालु, पुँजीगत र वित्तीय व्यवस्थाको खर्चको अनुपात क्रमशः ६० प्रतिशत, ३९.९३ प्रतिशत र ०.०७ प्रतिशत रहेको छ ।

**तालिका-४: आ.व. २०७७/०७८ मा स्थानीय तहहरूको विनियोजन र खर्चको विवरण**

| शीर्षक | | रकम रू. लाखमा |
|---|---|---|
| प्राप्ति | **जम्मा प्राप्ति** | ५१९२३६९ |
| | अनुदान | ३३४५८४३ |
| | आन्तरिक राजस्व | ३५६२७३ |
| | राजस्व बाँडफाँड | ७३४००० |
| | गत आ.व.को नगद मौज्दात र अन्य प्राप्ति | ७५६२५३ |
| भुक्तानी | **जम्मा भुक्तानी** | ३९१४३६२ |
| | चालु खर्च | २३४८७३१ |
| | पुँजीगत खर्च | १५६२९९८ |
| | वित्तीय व्यवस्था खर्च | २६३३ |

- गत आ.ब. २०७६/०७७ मा आन्तरिक र वैदेशिक समेत गरी भुक्तानी बाँकी ऋण रू. १४ खर्ब १९ अर्ब ८७ करोड ६१ लाख रहेकोमा यस आ.ब. २०७७/७८ को आषाढ मसान्त सम्म ऋण दायित्व रू. १७ खर्ब ३७ अर्ब ६३ करोड ६९ लाख रहेको छ। ऋण दायित्वमा आन्तरिक ऋण र बाह्य ऋणको अंश क्रमश ४६.२१ प्रतिशत र ५३.७९ प्रतिशत रहेको छ ।

| ऋणको प्रकार | आ.ब. २०७६/०७७ (रू. लाखमा) | आ.ब. २०७६/०७७ (रू. लाखमा) | घटी/बढी प्रतिशत |
|---|---|---|---|
| आन्तरिक ऋण | ६१३७३५४ | ८०२९४१७ | ३०.८२ % |
| बाह्य ऋण | ८०६१४०७ | ९३४६९५२ | १५.९५% |
| जम्मा ऋण | १४१९८७६१ | १७३७६३६९ | २२.३८% |

# आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन पेस

महालेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष २०७७/७८ को आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा पेश भएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा प्रतिवेदन तयार गरी प्रत्येक वर्षको कार्तिक महिना भित्र अर्थमन्त्री समक्ष पेश गर्नुपर्ने कानुनी व्यवस्था अनुरूप मिति २०७८/०७/३० गते महालेखा नियन्त्रक श्री सुमनराज अर्यालले उक्त प्रतिवेदन माननीय अर्थमन्त्री श्री जनार्दन शर्मालाई पेश गर्नुभएको हो।



*तस्बिरः महालेखा नियन्त्रक श्री सुमनराज अर्याल आन्तरिक लेखापरीक्षण प्रतिवेदन माननीय अर्थमन्त्री  जनार्दन शर्मा "प्रभाकर" लाई बुझाउनुहुँदै।*

प्रतिवेदन बमोजिम आर्थिक वर्ष २०७७/७८ मा आन्तरिक लेखापरीक्षणबाट बेरुजु रकम रू. २५ अर्ब २६ करोड ५० लाख कायम भएको छ। जम्मा बेरुजु रकम मध्ये विनियोजन तर्फ २५ अर्ब ०२ करोड ५४ लाख, राजस्व तर्फ २३ करोड ६१ लाख, धरौटी तर्फ ६ लाख र कार्यसञ्चालन कोष तर्फ २९ लाख कायम भएको छ। प्रतिवेदन अनुसार नियमित गर्नुपर्ने रू. ६ अर्ब ९५ करोड ७३ लाख, असुल उपर गर्नुपर्ने रू. ५९ करोड १९ लाख र म्याद नाघेको पेश्की रकम रू. १७ अर्ब ७१ करोड ५८ लाख बेरुजु कायम भएको छ। आर्थिक वर्ष २०७६/७७ को तुलनामा यस आर्थिक वर्षमा बेरुजु रकम १२१.६२ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

बेरुजुको मन्त्रालयगत रुपमा विश्लेषण गर्दा सबैभन्दा बढी बेरुजु कायम हुने मन्त्रालयहरूमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्थानीय तह, रक्षा मन्त्रालय, शहरी विकास मन्त्रालय र अदालत रहेका छन्। यस आर्थिक वर्ष २०७७/७८ देखि आन्तरिक लेखापरीक्षणको बेरुजुलाई आन्तरिक नियन्त्रण, महालेखा परीक्षक फारम र खाताको प्रयोग, बढी भुक्तानी, खरिद व्यवस्थापन, कर व्यवस्थापन, जिन्सी तथा सम्पत्ति व्यवस्थापन जस्ता शीर्षक दिई वर्गीकरण गरी प्रतिवेदन गर्ने गरी प्रणाली विकास गरिएको छ । बेरूजु प्रतिवेदनलाई अध्ययन गर्दा विगतकै झै कानुनको पूर्ण पालना नहुनु, आन्तरिक नियन्त्रण प्रणाली लागु नगर्नु, तोकिएको सीमाभन्दा बढी रकमको सोझै खरिद गर्नु, करयोग्य आयमा पारिश्रमिक कर कट्टी नगर्ने, तलबी प्रतिवेदन समयमै पारित नगर्ने जस्ता बेरुजुहरू दोहोरिरहेको देखिन्छ।

# आन्तरिक लेखापरीक्षक तोकिएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ को उपदफा (१०) मा महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण कार्यलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन लेखा समूहका कर्मचारीलाई न्यूनतम अवधि तोकि खटाउनु पर्ने र यसरी खटाउँदा एउटै कर्मचारीलाई लेखापलन गर्न र आन्तरिक लेखापरीक्षणको कार्यमा खटाउन नपाइने व्यवस्था रहेको छ । सोही व्यवस्थाको कार्यान्वयनको सिलसिलामा महालेखा नियन्त्रक कार्यालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८३ (१) तथा आन्तरिक लेखापरीक्षक खटाउने मापदण्ड, २०७७ बमोजिम विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा आन्तरिक लेखापरीक्षण अधिकृत र आन्तरिक लेखापरीक्षण सहायक खटाउन शुरु गरेको छ । यस व्यवस्थाको प्रभावकारी कार्यान्वयनबाट आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन सकिने विश्वास लिइएको छ।

आन्तरिक लेखापरीक्षण अधिकृत ६६ जना र आन्तरिक लेखापरीक्षण सहायक १६४ जना गरी कुल जम्मा २३० जना जनशक्तिको दरबन्दी स्वीकृत भएकोमा हालसम्म ८५ जना अर्थात ३६.९५ प्रतिशत पदपूर्ति गरिसकेको छ ।

| पद विवरण | दरबन्दी | पदपूर्ति | पदपूर्ति % |
|---|---|---|---|
| आ.ले.प.अधिकृत | ६६ | १९ | २८.७८ |
| आ.ले.प.सहायक | १६४ | ६६ | ४०.२४ |
| जम्मा | २३० | ८५ | ३६.९५ |

# प्रदेशस्तरीय पेफा अभिमुखीकरण कार्यक्रम सम्पन्न





पेफा सचिवालय मार्फत सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका गतिविधिहरू निरन्तर रुपमा संचालित भैरहेका छन्। यस क्रममा क्षमता विकासका क्रियाकलापहरूलाई थप प्रभावकारी बनाउने उद्देश्यले गत आ.व.देखि सचिवालयले प्रदेशस्तरीय पेफा अभिमुखीकरण तालिम कार्यक्रम सुरु गरेको थियो।जस अन्तर्गत ७ वटै प्रदेशका विभिन्न निकायमा कार्यरत वित्तीय व्यवस्थापनसँग सम्बन्धित जनशक्तिहरूलाई पेफाको बारेमा जानकारी गराउँदै वित्तीय व्यवस्थापनमा के कस्ता सुधारहरू भएका छन् र के कस्तो सुधार आवश्यक पर्दछ सो सम्बन्धमा विभिन्न क्षेत्रका विज्ञहरूको सहभागितामा मिति २०७८।०७।१२ देखि १३ गते सम्म गण्डकी प्रदेशको पोखरामा २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमले चार बुँदे पोखरा घोषणापत्र जारी गरेको छ । यस किसिमको अभिमुखीकरण कार्यक्रमबाट कर्मचारीहको क्षमता अभिवृद्धि भई सार्वजनिक वित्तीय व्यवस्थापनको पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि हुने र आर्थिक अनुशासनको प्रवर्द्धन हुने अपेक्षा गरिएको छ ।

# टोल फ्री नम्बर सञ्चालनमा

महालेखा नियन्त्रक कार्यालयबाट सञ्चालनमा ल्याइएका विभिन्न विद्युतीय सूचना प्रणालीहरू TSA, CGAS+, PAMS, RMIS, SuTRA लगायतमा सञ्चालनका क्रममा आउने समस्या सम्बोधन गर्न Toll Free Number १६६००१८१६६६ प्रयोगमा ल्याइएको छ । महालेखा नियन्त्रक कार्यालयमा कल सेन्टर स्थापना गरी प्रणाली सञ्चालनलाई सहज बनाउन टोल फ्री नम्बर सञ्चालनमा ल्याइएको हो ।

# SMS Gateway सञ्चालनको तयारी

नेपाल सरकारले सञ्चालनमा ल्याएका राजस्व संकलनका प्रणालीहरूमा राजस्व दाखिला भएपश्चात राजस्व जम्मा गर्ने व्यक्तिलाई सुनिश्चितता प्रदान गराउन SMS Gateway सञ्चालनका लागि दूरसञ्चार सेवा प्रदायक संस्था Ncell Axiata Limited सँग सम्झौता गरिएको छ । निकट भविष्यमा नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक सँग समेत सम्झौता मार्फत सेवा विस्तार गरी बढी भन्दा बढी सेवाग्राहीलाई समेट्ने लक्ष्य रहेको छ । यस प्रणालीको सञ्चालन पश्चात राजस्व दाखिला गर्ने व्यक्तिलाई निजले राजस्व दाखिला गर्दा उल्लेख गरेको मोबाइल नम्बरमा SMS मार्फत राजस्व दाखिला भए/नभएको जानकारी गराइनेछ ।

# CGAS र NAMS बीच आबद्धता

नेपाल सरकारबाट सञ्चालित Computerized Government Accounting System (CGAS) लाई महालेखा परीक्षकको कार्यालयबाट सञ्चालित Nepal Audit Management System (NAMS) सँग आवद्ध गराई नेपाल सरकारको खर्च सम्बन्धी Real Time Date उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ। खर्च गर्ने निकायको वित्तीय विवरणमा महालेखापरीक्षक कार्यालयको पहुँचलाई सहज बनाई लेखापरीक्षण कार्यमा सहजता ल्याउन यो प्रणाली सहयोगी हुने विश्वास गरिएको छ । यस प्रणालीको प्रयोगमार्फत लेखापरीक्षणको अधिकार प्राप्त व्यक्तिले लेखापरीक्षण हुने निकायको वित्तीय विवरण हेर्न तथा लेखापरीक्षण गराउने निकायले आवश्यक विवरण प्रविष्ट गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

# राजस्व व्यवस्थापन सूचना प्रणालीमा थप निकाय आवद्ध

राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) मा विद्युतीय भुक्तानी सम्बन्धी सेवा प्रदायक संस्थालाई आवद्ध गर्ने निर्देशिका २०७७ को दफा ५ बमोजिम RMIS मा राजस्व संकलन गर्ने थप निकायहरूलाई आबद्ध गरिएको छ । हाल थप भएका निकायहरूमा बागमती प्रदेश, भौतिक पूर्वाधार मन्त्रालय, प्रदेश लोकसेवा आयोग, कर्णाली प्रदेश लोकसेवा आयोग, प्रदेश नं. १ यातायात व्यवस्था विभाग रहेका छन् । त्यसैगरी राजस्व संकलन कार्यलाई थप सहज बनाउन कुमारी बैंक लिमिटेड र सिभिल बैंक लिमिटेड तथा Payment Gateway का रुपमा सेवा प्रदायक (PSO/PSP) IME Pay, eSewa, Cellpay, Fonepay आदि लाई आवद्ध गरिएको छ । यसबाट राजस्व संकलन कार्यमा थप सहजता प्राप्त हुने अपेक्षा गरिएको छ ।

# प्रदेश / जिल्ला पेफा कार्यान्वयन एकाइ सुदृढीकरण कार्यक्रम

विगत वर्षहरूदेखि पेफा सचिवालयको बजेट तथा कार्यक्रम अन्तरगतप्रदेश/जिल्ला पेफा कार्यान्वयन एकाइ सुदृढीकरण कार्यक्रममा बजेट विनियोजन गरी प्रदेश तथा जिल्लास्तरको सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका लगि गोष्ठी, अन्तरक्रिया, कार्यशाला लगायतका क्रियाकलापहरू संचालन भैरहेका छन् । चालु आर्थिक वर्षमा ताप्लेजुङ जिल्ला पेफा कार्यान्वयन एकाइमा सचिवालय समेतको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भैसकेको छ भने अन्य जिल्लाहरूबाट कार्यक्रमको लागि प्रस्ताव प्राप्त भैरहेका छन् ।

# प्रदेश तथा स्थानीय तहमा लाभग्राही समूह छलफल (Focus Group Discussion)

पेफा सचिवालयबाट परामर्शदाता निकाय Inclusive JBRH J.V. मार्फत सम्पन्न हुने क्रममा रहेको सरकारका तीन तहमा सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता मापन तथा तालिम आवश्यकता पहिचान अध्ययन कार्यका लागि तथ्याङ्क संकलन गर्ने क्रममा संघ, प्रदेश तथा स्थानीय तहमा लाभग्राही समूह छलफल क्रियाकलाप सम्पन्न भएका छन् । छलफलमा सम्बन्धित निकायका आर्थिक प्रशसन, राजस्व व्यवस्थापन, जिन्सी व्यवस्थापन, खरिद व्यवस्थापन लगायतका शाखा तथा एकाइबाट प्रतिनिधित्व रहेको थियो ।

# प्रदेशस्तरीय पेफा गोष्ठी

प्रदेश तथा स्थानीयस्तरमा पेफा साक्षरता जानकारी अभिवृद्धि गर्ने उद्देश्यले विगत वर्षहरू देखि नै प्रदेशस्तरीय पेफा गोष्ठी भैरहेका छन् । आर्थिक वर्ष ०७७।७८ मा सुदुरपश्चिम प्रदेशको धनगढी र कर्णाली प्रदेशको सुर्खेतमा २ वटा पेफा गोष्ठी सम्पन्न भएका थिए । चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको पोखरामा प्रदेशस्तरीय गोष्ठी सम्पन्न भैसकेको छ भने बाँकी प्रदेशमा आगामी चौमासिक अवधिमा गर्ने सचिवालयको लक्ष्य रहेको छ ।

# आर्थिक पत्रकार समाज, नेपाल (SEJON) सँगको अन्तरक्रिया सम्पन्न

पेफा गतिविधिहरूको पारदर्शीता अभिवृद्धि गर्ने उद्देश्यले विगत वर्षहरूदेखि आर्थिक पत्रकार समाज, नेपाल सँग प्रदेशस्तरीय अन्तरक्रिया सम्पन्न भएका छन्। आर्थिक वर्ष ०७६।७७ मा कर्णाली प्रदेश र प्रदेश नं.२ मा यस्ता अन्तरक्रिया सम्पन्न भएका थिए। चालु आर्थिक वर्षमा बागमती प्रदेश र प्रदेश नं. १ मा अन्तरक्रिया सम्पन्न भैसकेका छन् भने बाँकी प्रदेशको अन्तरक्रिया यसै आ.व.मा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

# पेफाको २० औं वर्षगाँठ कार्यक्रम सम्पन्न

पेफा वाशिङ्टनले २०२१ डिसेम्बर १ र २ गते आफ्नो कार्यक्रमको २० औं वर्षगाँठ भर्चुअल सम्मेलन गरी मनाएको छ । सम्मेलनमा नीति निर्माता, प्राज्ञिक क्षेत्रका व्यक्तित्व, विकास साझेदार लगायतको उपस्थिति रहेको थियो।सो सम्मेलन-२० वर्षको पेफा उपलब्धि एवं आगामी कार्यदिशा, दिगो, हरित र समावेशी विकासका लागि सार्वजनिक वित्तिय व्यवस्थापनको भूमिका, कोभिड-१९ पछिको पुनर्स्थापना तथा पेफा वार्षिक छलफल श्रृंखला र ई-लर्निङ कोर्ष संचालन गर्नेमा उद्देश्यमा केन्द्रित थियो ।

# वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिको ३२ औं बैठक सम्पन्न

२०७८ असार १४ गते अर्थ सचिव श्री शिशिर कुमार ढुंगानाको अध्यक्षतामा वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिको ३२ औ बैठक देहाय बमोजिमका निर्णयहरू गर्दै कोभिड-१९ को कारणले भर्चुअल रुपमा सम्पन्न भएको थियो ।

- एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना (IPFMRP) को अवधि एक बर्ष मात्र बाँकी रहेको सन्दर्भमा सबै कार्यान्वयन गर्ने निकायहरूले आ-आफ्नो स्वीकृत कार्यक्रमहरू कार्यान्वयनलाई तीव्रता दिदै विशेष प्राथमिकता दिने । यस कार्यक्रम सचिवालयले आवश्यक सहजीकरण गर्ने ।
- सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रमका लागि विश्व बैंकबाट उपलब्ध गराइने सहायता रकम मध्ये पुनर्संरचना गरी कायम भएको रकममा आधारित भई निर्दिष्ट गरिएका र आर्थिक बर्ष २०७८/७९ मा बिनियोजित रकम बमोजिमका कार्यक्रम (LMBIS मा प्रविष्ट भएका) हरूलाई अनुमोदन गर्ने । साथै ती कार्यक्रमको कार्यान्वन सुनिश्चित गरी कार्ययोजना तर्जुमा गरी अनुगमन गर्ने व्यवस्था मिलाउने ।
- सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम कार्यान्वयनबाट हालसम्म हासिल भएका उपलब्धि, चुनौती एवं भावी कार्यदिशा समेत पहिचान गर्ने प्रयोजनका लागि नियमित रुपमा गर्नुपर्ने पेफा मूल्याङ्कनको कार्य मध्ये सन् २०१८ देखि सन् २०२१ सम्मको मूल्याङ्कन विश्व बैंकको प्राविधिक सहयोगमा कोभिड १९ विरूद्धको सुरक्षा मापदण्ड अवलम्बन गरी सचिवालयबाट नै पेफा मूल्याङ्कन कार्य सन् २०२२ को पहिलो त्रैमासिक भित्र शुरू गर्ने ।यस सम्बन्धी जानकारी अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा मार्फत विश्व बैंकलाई दिने ।
- दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीतिको समयानुकुल पुनरावलोकन गरी आगामी डिसेम्बर २०२१ भित्र प्रतिवेदन पेश गरेर प्रस्तावित कार्यटोलीको गठन गर्ने । उक्त कार्य टोलीमा रहने सदस्यहरूलाई तत् तत् निकायबाट कार्यालयको काममा बाधा नपर्ने गरेर काममा खटाउने । टोलीमा रहने सदस्य तथा परामर्शदाताहरूलाई प्रस्तावमा उल्लेख भएबमोजिमको सेवा, सुविधा उपलब्ध गराउने ।
- एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजनाको अवधि समाप्त हुनुपूर्व विश्व बैंक सँगको समन्वय र सहकार्यमा दश्रो चरणको एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना सम्बन्धी दस्तावेज आगामी ६ महिना भित्र तयार गरी सचिवालयले पेश गर्ने ।

# स्थानीय तहको भुक्तानी विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत हुने

महालेखा नियन्त्रक कार्यालयले ७५३ वटै स्थानीय तहहरूको भुक्तानी विद्युतीय कोष हस्तान्तरण (EFT) मार्फत गर्ने कार्यको शुभारम्भ गरेको छ । महालेखा नियन्त्रक श्री सुमनराज अर्यालले उक्त प्रणालीको मिति २०७८ भाद्र २४ गते शुभारम्भ गर्नुभएको हो । सार्वजनिक वित्त व्यवस्थापन गोष्ठी, २०७७ मा गरिएको प्रतिबद्धता अनुसार स्थानीय तहबाट हुने सरकारी कारोबारहरूको भुक्तानी विद्युतीय भुक्तानी प्रणालीमार्फत गर्ने कार्यको शुरुवात गरिएको हो । महालेखा नियन्त्रक कार्यालयबाट सञ्चालनमा ल्याई स्थानीय तहहरूबाट प्रयोग भइरहेको Sub National Treasury Regulatory Application (SuTRA) प्रणालीलाई NCHL को National Payment Interface मा आवद्ध गरी स्थानीय तहहरूले विद्युतीय भुक्तानी (Electronic Fund Transfer-EFT) गर्न सकिने व्यवस्था मिलाइएको हो । यस प्रणालीको सञ्चालनसँगै चेक नसाटिने, हराउने लगायतका समस्याहरू समाधान भई Real Time मा भुक्तानी तथा लेखाङ्कन गर्ने र वित्तीय अनुशासन कायम गराउने कार्यमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# प्रदेशस्तरीय सार्वजनिक वित्त व्यवस्थापन गोष्ठी, २०७८



महालेखा नियन्त्रक कार्यालयले "हामी सबैको प्रतिबद्धता, आर्थिक कारोबारमा स्वच्छता" को नारा दिँदै सुदुरपश्चिम प्रदेशको धनगढी र प्रदेश नं. १ को विराटनगरमा प्रदेशस्तरीय सार्वजनिक वित्त व्यवस्थापन गोष्ठी सम्पन्न गरेको छ । मिति २०७८।८।६ देखी ८।८ सम्म कैलालीको धनगढीमा सम्पन्न ३ दिने सुदुर पश्चिम प्रदेश स्तरिय गोष्ठीमा कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुखहरू, प्रदेश लेखा नियन्त्रक कार्यालय प्रमुख, प्रदेश अन्तर्गतका ४ स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखहरू, प्रदेश अन्तर्गतका प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास र पुर्वाधार विकास मन्त्रालयहरूवाट १/१

जना प्रतिनिधी, राष्ट्रिय किताबखानाबाट १ जना प्रतिनिधि, निबृत्तभरण व्यबस्थापन कार्यालयवाट १ जना प्रतिनिधि, प्रदेश भित्र रहेका विकास निर्माण सम्वन्धी कार्य गर्ने २ वटा संघीय कार्यलायहरूवाट १/१ जना प्रतिनिधिको सहभागीता रहेको थियो । त्यस्तै मिति २०७८/०८/२१ देखि २२ गतेसम्म प्रदेश नं. १ को विराटनगरमा संचालित कार्यक्रममा प्रदेश नं. १ का कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुखहरू, प्रदेश लेखा नियन्त्रक कार्यालय प्रमुख, प्रदेश नं. १ का १४ वटा जिल्लाहरूमध्ये प्रत्येकबाट १/१ वटा स्थानीय तहका आर्थिक प्रशासन शाखामा कार्यरत लेखा प्रमुखहरू, प्रदेश नं. १ अन्तर्गतका प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आर्थिक मामिला तथा योजना, आन्तरिक मामिला तथा कानुन, उद्योग, पर्यटन, बन तथा वातावरण, भूमि व्यवस्था, कृषि तथा सहकारी, सामाजिक विकास र भौतिक पुर्वाधार विकास मन्त्रालयहरूवाट आर्थिक प्रशासन शाखामा कार्यरत लेखा प्रमुखहरू, राष्ट्रिय





*तस्बिर: प्रदेश नं. १ मा भएको सार्वजनिक वित्त व्यवस्थापन प्रदेशस्तरिय गोष्ठी समापन पश्चातको सामूहिक तस्बिर (२०७८/०८/२२)*

किताबखानाबाट १ जना प्रतिनिधि, प्रदेश क्षेत्र भित्र रहेका विकास निर्माण सम्वन्धी कार्य गर्ने २ वटा संघीय कार्यलायहरू सुनसरी मोरङ सिंचाई आयोजना र मदन भण्डारी राजमार्ग आयोजनाबाट १/१ जना प्रतिनिधी सहभागी हुने गरी गोष्ठी सञ्चालन गरिएको थियो । यस प्रकारको कार्यक्रमबाट सार्वजनिक वित्तीय व्यवस्थापन अन्तर्गतका आर्थिक प्रशासनको पूर्नसंरचना, बजेट कार्यान्वयन, कोष प्रशासन, लेखापरीक्षण, कर्मचारी व्यवस्थापन, सूचना प्रविधि लगायतका विषयमा छलफल गरी विद्यमान समस्या समाधानका उपायहरू, LMBIS, TSA तथा PLMBIS, STSA Integration गरी कार्यान्वयन गर्दा आइपरेका समस्याहरू पहिचान गरी प्रभावकारी बनाउन चाल्नु पर्ने कदम तथा सङ्घ, प्रदेश र स्थानीय तहहरूमा लेखा समूहका कर्मचारीहरूको व्यवस्थापन, क्षमता विकास र आर्थिक अनुशासन कायम गर्ने गराउने सम्वन्धमा सहभागीहरूबाट सझाव प्राप्त भएको थियो ।

# आन्तरिक लेखापरीक्षण सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न

महालेखा नियन्त्रक कार्यालयले विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यलयका प्रमुख कोष नियन्त्रक र लेखापरीक्षण अधिकृतहरूलाई मिति २०७८/०९/२७ गतेदेखि ०९/२९ गतेसम्म काभ्रेपलाञ्चोकको धुलिखेलमा स्थानीय तहको आन्तरिक लेखापरीक्षण प्रभावकारिता अभिवृद्धि सम्बन्धी मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । ३ दिन सम्म सञ्चालन भएको उक्त कार्यक्रमको उद्घाटन महालेखा नियन्त्रक कार्यालयका महालेखा नियन्त्रक श्री सुमनराज अर्यालले गर्नुभएको थियो । उक्त कार्यक्रममा १८ जिल्लाका प्रमुख कोष नियन्त्रक, ७ वटै प्रदेशबाट प्रदेश लेखा नियन्त्रक र महालेखा नियन्त्रक कार्यालयको तर्फबाट समेत सहभागिता रहेको थियो । स्थानीय तहको आन्तरिक लेखापरीक्षण कार्यमा खटिने कर्मचारीहरूलाई प्रशिक्षण दिने मुख्य उद्देश्य रहेको उक्त कार्यक्रममा स्थानीय तहहरूमा प्रयोगमा रहेको Sub National Treasury Regulatory Application (SuTRA) का सम्बन्धमा, आन्तरिक लेखापरीक्षण सम्बन्धी विधि, प्रकृया र स्थापित प्रणाली सम्बन्धमा प्रशिक्षण दिइएको थियो । साथै उपभोक्ता समितिबाट गरिने सार्वजनिक खरिद कार्यको आन्तरिक लेखापरीक्षण, वित्तीय पार्दशिता, उत्तरदायित्व र अनुशासनका लागि आन्तरिक लेखापरीक्षणको भूमिका लगायत विषयको प्रस्तुतिकरण भएको थियो ।



*तस्बीरः स्थानीय तहको आन्तरिक लेखापरीक्षण प्रभावकारिता अभिवृद्धि सम्बन्धी मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रमको क्रममा आफ्नो भनाई राख्नुहुँदै महालेखा नियन्त्रक श्री सुमनराज अर्याल (२०७८/०९/२७)*

# पौष मसान्त सम्मको खर्चको अवस्था

चालु आर्थिक वर्षको पौष महिनासम्ममा नेपाल सरकारको कुल खर्च रू. ५ खर्ब ०६ अर्ब ७८ करोड २८ लाख भएको छ जुन विनियोजित बजेटको ३१ प्रतिशत हुन आँउछ। चालु आर्थिक वर्षको पौष महिनासम्ममा चालु खर्च ३८.२३ प्रतिशत भएको र पुँजीगत १३.३७ प्रतिशत भएको छ।

**आर्थिक वर्ष २०७८/७९ को पौष मसान्त सम्मको खर्च (रू. लाखमा)**

| बजेट र खर्चको प्रकार | वार्षिक बजेट | खर्च | बजेटको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १०,६३४,३२३.७९ | ४,०६४,९८१.६१ | ३८.२३ |
| पुँजीगत | ३,७९९,५०१.४२ | ५०८,०९८.३५ | १३.३७ |
| वित्तीय व्यवस्था | १,८९४,३७६.०० | ४९४,७४८.३३ | २६.१२ |
| **जम्मा** | १६,३२८,२०१.२१ | ५,०६७,८२८.२९ | ३१.०४ |

## संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई हस्तान्तरण गरिएको रकम

नेपालको संविधान, अन्तर सरकारी वित्त हस्तान्तरण ऐन अनुसार नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको राजस्व क्षमता र खर्चको आवश्यकता अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा विनियोजन ऐन, २०७७ मा समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानको व्यवस्था गरिएको छ। चालु आ.ब. २०७८/०७९ को पौष मसान्त सम्म समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान समेत रू. १ खर्ब ३८ अर्ब १४ करोड ३९ लाख हस्तान्तरण भएको छ जुन विनियोजनको ४७.७६ प्रतिशत हुन आँउछ।

**(रू. लाखमा)**

| संघीय इकाई | अनुदान शीर्षक | कुल बजेट | कुल खर्च | प्रतिशत |
|---|---|---|---|---|
| **प्रदेश** | समानीकरण अनुदान | ५७,९५४, | २८,४३८,८ | ४९.०७ |
| | सशर्त अनुदान | ३८,६७२,६ | ९,९७१,४ | २५.७८ |
| | विशेष अनुदान | ४,१५०,० | ७५७,९ | १८.२६ |
| | समपूरक अनुदान | ५,७२४,६ | १,९४९,१ | ३४.०५ |
| | **जम्मा** | १०६,५०२,० | ४१,११७,३ | ३८.६१ |
| **स्थानीय तह** | समानीकरण अनुदान | ९४,५५७,८ | ४४,९००,६ | ४७.४८ |
| | सशर्त अनुदान | १७९,७४४,४ | ८९,३३०,८ | ४९.७० |
| | विशेष अनुदान | ८,३१०,१ | २,१२७,० | २५.६० |
| | समपूरक अनुदान | ६,६४८,३ | १,७८५,३ | २६.८५ |
| | **जम्मा** | २८९,२६०,६ | १३८,१४३,९ | ४७.७६ |
| | **कुल जम्मा** | ३९५,७६२,७ | १७९,२६१,३ | ४५.३० |

## राष्ट्रिय गौरबका आयोजनाहरूको वित्तीय प्रगति

२० वटा राष्ट्रिय गौरवका आयोजनाहरूको आ.व. २०७८/७९ मा कुल बजेट रू. ७९ अर्ब ५६ करोड ९१ लाख रहेको विनियोजन भएकोमा पौष मसान्त सम्म रू. १२ अर्ब ६५ करोड ७७ लाख खर्च भएको छ जुन बजेटको तुलनामा १६ प्रतिशत हुन आँउछ।

**राष्ट्रिय गौरवका आयोजनाहरूको विवरण**
**आ.व. २०७८/७९ को पौष महिनासम्मको प्रगति विवरण (रू. लाखमा)**

| सि.नं. | आयोजनाको नाम | जम्मा बजेट | जम्मा खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | ९१०२३ | ३,१६६.६८ | ३.४८ |
| २ | बुढी गण्डकी जलविद्युत आयोजना | ६९३८० | १,८६४.८९ | २.६९ |
| ३ | बबई सिंचाइ आयोजना | १३४३९ | २,५९७.७८ | १९.३३ |
| ४ | महाकाली सिंचाइ आयोजना (कन्चनपुर) | ११९८४ | ४,१४५.८५ | ३४.५९ |
| ५ | सिक्टा सिंचाइ आयोजना | १५५८३ | ३,०००.४३ | १९.२५ |
| ६ | रानी जमरा कुलरिया सिंचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | २३५१२ | ५,९०४.४६ | २५.११ |
| ७ | भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ३०६८३ | ४,१०८.९० | १३.३९ |
| ८ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | २३६१० | ७,९०८.२३ | ३३.५० |
| ९ | मेलम्ची खानेपानी आयोजना | १७६५४ | १,५६०.६८ | ८.८४ |
| १० | पशुपति क्षेत्र विकास कोष | ३५४२ | ८५०.९९ | २४.०२ |
| ११ | लुम्बिनी विकास कोष | १५००० | ७,४६०.०० | ४९.७३ |
| १२ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १५२६४ | १,४७९.०१ | ९.६९ |
| १३ | काठमांडौ-तराई मधेश फाष्ट ट्र्याक | ८९२७९ | १४,०८४.४२ | १५.७८ |
| १४ | पुष्पलाल राजमार्ग (मध्य पहाडी राजमार्ग) | ८१३३३ | १९,६४५.६५ | २४.१५ |
| १५ | उत्तर दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोशी) | ४१२५८ | ९,८८८.४३ | २३.९७ |
| १६ | हुलाकी राजमार्ग (पुलहरू समेत) | ६३९४२ | २४,४९८.६७ | ३८.३१ |
| १७ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | ६५३२५ | ९,५६१.९३ | १४.६४ |
| १८ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ३५२८० | १,८५०.०० | ५.२४ |
| १९ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | ८५००० | - | - |
| २० | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बारा | ३६०० | ३,०००.०० | ८३.३३ |
| | **कुल जम्मा** | ७९५६९१ | १२६,५७७ | १५.९१ |